## कार्यपालिका बैठक -१५

मिति:- २०७७।१२।०९

आज मिति २०७७।१२।०९ गते सोमबारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षतामा विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको १५ (पन्ध्रौं) बैठक निम्न सहभागिहरुको उपस्थितिमा बसी विभिन्न प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो।

### उपस्थिति:-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | सदस्य | |
| ३ | श्री इन्नर थारु | सदस्य | |
| ४ | श्री नेपाल थारु | सदस्य | |
| ५ | श्री बुद्धीराम अर्याल | सदस्य | |
| ६ | श्री तिलकराम कंडेल | सदस्य | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | सदस्य | |
| ८ | श्री प्रेम बहादुर कलवार | सदस्य | |
| ९ | श्री दिनेश कुमार चौधरी | सदस्य | |
| १० | श्री शकुन्तला भण्डारी | सदस्य | |
| ११ | श्री दमन्ती सरा राना कुमाल | सदस्य | |
| १२ | श्री सिमा वि.क. | सदस्य | |
| १३ | श्री नितु दर्जी | सदस्य | |
| १४ | श्री धनबीर सुनार | सदस्य | |
| १५ | श्री मो.मुर्तजा बढई | सदस्य | |
| १६ | श्री गोविन्द भट्टराई | सदस्य सचिव | |

### आमन्त्रित सदस्य:-

| | | | |
|---|---|---|---|
| १ | श्री बासुदेव जमरकट्टेल | अधिकृतस्तर छैठौं | |
| २ | श्री राम सुन्दर माली | कृषि विकास अधिकृत | |
| ३ | श्री हरिहर वेल्बासे | शिक्षा अधिकृत | |
| ४ | श्री बोधराज भुसाल | सहायक पाँचौ | |
| ५ | श्री गीर्जापती चौधरी | का. सहयोगी | |
| ६. | बालब थापा क्षेत्री | १ जि-श्रीशाखा | |
| ६ | रामसेवक त्रिपाठी | पशु सेवा शाखा | |

## प्रस्तावहरुः-

प्रस्ताव नं. १- कृषि विकास शाखाबाट पेश प्रस्ताव सम्वन्धमा ।

प्रस्ताव नं. २- विद्यालय पोषण सुधार कार्यक्रम सम्वन्धमा ।

प्रस्ताव नं. ३ - शिक्षा, युवा तथा खेलकुद शाखाबाट पेश प्रस्ताव सम्वन्धमा ।

प्रस्ताव नं. ४- सुरक्षित नागरिक आवास कार्यक्रम सम्वन्धमा ।

प्रस्ताव नं. ५- रकम भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. ६ - आर्थिक सहायता सम्वन्धमा ।

## निर्णयहरुः-

**निर्णय नं. १-** कोभिड-१९ विशेष कृषि कार्यक्रमका लागि **कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७** तथा सम्वन्धित वडा कार्यालयको अनुगमन प्रतिवेदन अनुसार २०० जना कृषिक छनौट गरि अनुदान दिने निर्णय पारित गरियो ।

**निर्णय नं. २ -** विद्यालय पोषण सुधार कार्यक्रम संचालनका लागि विजयनगर गाउँपालिका वडा नं. ३ स्थित **श्री भुवनेश्वरी माध्यमिक विद्यालय**लाई छनौट गर्ने निर्णय परित गरियो ।

**निर्णय नं. ३-** कुनै पनि शिक्षक दरबन्दी वा राहत अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालयका लागि २ शिक्षक तथा १ मात्र माध्यमिक शिक्षक दरबन्दी वा राहत अनुदान प्राप्त गरेका माध्यमिक विद्यालयका लागि १ शिक्षक व्यवस्थापनका लागि निम्न विद्यालयहरुका लागि तपसिल बमोजिमको एकमुष्ट अनुदान निकासा दिने निर्णय पारित गरियो ।

| क्र.सं. | विद्यालयको नाम ठेगाना | दर | संख्या | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री जन जागृति मा.वि., विजयनगर-२, लोहरौला | रु. ४,३२,०००।- | २ | रु. ८,६४,०००।- | |
| २ | श्री नेपाल तारा मा.वि., विजयगनर-२, महुवाबारी | रु. ४,३२,०००।- | २ | रु. ८,६४,०००।- | |
| ३ | श्री शिव मा.वि., विजयगनर-५, डालपुर | रु. ४,३२,०००।- | २ | रु. ८,६४,०००।- | |
| ४ | श्री लौटन राम द्रोपदी देवी मा.वि., विजयगनर-७, गणेशपुर | रु. ४,३२,०००।- | १/२ | रु. २,१६,०००।- | |
| जम्मा रकम | | | | रु. २८,०८,०००।- | |

**निर्णय नं. ३(क)-** मिति २०७७।११।०३ को विजयनगर गाउँ शिक्षा समिति बैठकको निर्णय नं. ३ अनुसार गाउँपालिका अन्तर्गत संचालित सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरुको IEMIS तयार गर्नका लागि प्रशिक्षण तालिम संचालन गर्न अत्यावश्यक रहेकोले तत्काल कार्यक्रम संचलान गर्ने र सो को लागि आवश्यक रकम व्यवस्थाका लागि गाउँकार्यपालिकामा अनुरोध गर्ने भन्ने व्यहोराको निर्णयानुसार अनुरोध भइ आए बमोजिम उक्त IEMIS तालिम संचालनका लागि आवश्यक रकम रु. १ (एक) लाख मागमा आधारित साना पूर्वाधार सहयोग कार्यक्रम शिर्षकबाट खर्च लेख्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३(ख)-** राष्ट्रपति रनिङ शिल्ड प्रतियोगित सञ्चालनका लागि संघिय सरकारबाट रु. १ (लाख) रकम विनियोजन भएकोमा राष्ट्रपति रनिङ शिल्ड/अध्यक्ष कप प्रतियोगिता सञ्चालनका लागि अपुग रकम रु. २ (दुई) लाख मागमा आधारित साना पूर्वाधार सहयोग कार्यक्रम शिर्षकबाट खर्च लेख्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ४-** आ.व. २०७७।०७८ का लागि स्वीकृत **उपाध्यक्षसँग जनता** कार्यक्रमका लागि विनियोजित रकम मध्येबाट खर्च लेख्ने गरि यस गाउँपालिका अन्तर्गतका विपन्न, घरेलु हिंसा पिडित, एकल महिलाको हितका लागि अत्यावश्यक दैनिक उपभोग्य सामाग्री खरिद गरि वितरण गर्ने निर्णय पारित गरियो ।

४५.

## कार्यपालिका बैठक -१५

मिति:- २०७७।१२।०९

**निर्णय नं. ५-** विजयनगर-१, नयाँवस्तीमा नया बस्ती खानेपानी ओभरहेड निर्माण उपभोक्ता समितिबाट निर्माण सम्पन्न भइसकेको **नया बस्ती खानेपानी ओभरहेड निर्माणको** सम्झौता बमोजिमको लागत रकम गाउँसभाबाट अनुमोदन हुने गरि तपसिल अनुसार भुक्तानी दिने निर्णय पारित गरियो ।

| क्र.सं. | योजनाको नाम | उपभोक्ता समिति | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | नया बस्ती खानेपानी ओभरहेड निर्माण | नया बस्ती खानेपानी ओभरहेड निर्माण उपभोक्ता समूह | रु. २०,००,०००।- ( बिस लाख मात्र) | पुजिगत तर्फको जेनेरेटर खरिद शिर्षक (३११२२)बाट रु. ९ लाख र बाँकि अपुग हुन आउने रकम दायित्व भुक्तानी शिर्षकबाट रकामान्तर गरि | |

**निर्णय नं. ६-** निम्न संस्था/समिति/योजनाहरुका लागि आर्थिक सहायता बापत तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिल:-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री राम लौटन थारु अध्यक्ष, सत्तगुण माहाराज, हरिकृतन तथा भजन समिति | विजयनगर-१, गुगौली | हरिकृतन तथा भजन संचालन | रु. १५,०००।- ( पन्ध्र हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| २ | नेपाल राष्ट्रिय शिक्षक संगठन विजयनगर गाउँ समिति | विजयनगर, क.व. | जिल्ला अधिवेशन | रु. ३०,०००।- ( तीस हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| ३ | विजयनगर गाउँपालिका डोरी तान संघ | विजयनगर, क.व. | खेलकुद प्रतियोगिता तयारी | रु. ५०,०००।- (पचास हजार मात्र) | मागमा आधारित साना पूर्वाधार सहयोग कार्यक्रम | |
| ४ | दलित सशक्तिकरण संस्था कपिलवस्तु | बुद्धभूमि-२, गोरुसिंगे क.व. | जातिय विभेद तथा छुवाछुत उन्मुलन दिवस मनाउने | रु. १५,०००।- (पन्ध्र हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| ५ | नेपाल स्वयंसेवक संघ | काठमाडौँ | मेची महाकाली जागरण अभियान | रु. १०,०००।- (दश हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| ६ | राष्ट्रिय जनमोर्चा | बुढानिलकण्ठ, काठमाडौँ | राष्ट्रिय सम्मेलन | रु. १०,०००।- (दश हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |